
# सुसमाचार कथा पुस्तक

## कार्यक्रम पुस्तिका



यस पुस्तिकामा प्रयोग गरिएका कथाहरु सुसमाचार कथा पुस्तकबाट लिइएका हुन्।

बाइबलका पद स्मरणहरु पवित्र बाइबल: EASY-TO-READ VERSION © 2012 by World Bible Translation Center, Inc. बाट लिइएका छन् र अनुमतिद्वारा नै प्रयोग गरिएका छन्।

सुसमाचार कथा पुस्तक कार्यक्रम पुस्तिका Copyright 2015. भारतमा प्रकाशित। अरु जानकारीको निम्ति सम्पर्क गर्नुहोस्:
WBTC India, P.O. Box 8478, Bangalore 560084. Email: info@wbtcindia.com

# सूची

भूमिका ........ २-३
कसरी चित्र बनाएर बताउनुँ ........ ४-५
पाठ १ ........ ६-९
पाठ २ ........ १०-१३
पाठ ३ ........ १४-१८
पाठ ४ ........ १९-२३
पाठ ५ ........ २४-२७
पाठ ६ ........ २८-३१
पाठ ७ ........ ३२-३४
पाठ ८ ........ ३५-३८
पाठ ९ ........ ३९-४२
पाठ १० ........ ४३-४६
पाठ ११ ........ ४७-४९
पाठ १२ ........ ५०-५२
पाठ १३ ........ ५३-५५
पाठ १४ ........ ५६-५८
पाठ १५ ........ ५९-६२
पाठ १६ ........ ६३-६६
पाठ तयार गराई ........ ६७
प्रार्थना ........ ६८

# भूमिका



## सबै मानिसहरुले केही कुरा गरेरनै असल सिक्छन्।

*उदाहरण:* चित्र बनाएर, लेखेर, गाएर, अभिनय गरेर, हेरेर अथवा बोलेर।

सबै मानिसहरुले केही कुरा गरेरनै असल सिक्छन्।

## सबै मानिसहरुले एउटा शिक्षण बिन्दु प्रयोग गरेर असल सिक्छन्।

कथा, एक्शन गीत, वस्तु पाठ, एउटा बाइबल पद स्मरण खेल अनि आजको हाम्रो जीवनको निम्ति व्यवहारिक उपयोग, सबैको एउटै सन्देश अथवा एउटै शिक्षण बिन्दु हुन्छ। *उदाहरण:* येशूनै संसारको ज्योति हुनुहुन्छ भन्ने शिक्षण बिन्दु पाठमा प्रत्येक गतिविधिद्वारा प्रकट गरिएको छ।

## सबै मानिसहरुले दोहोऱ्याएर, दोहोऱ्याएर, दोहोऱ्याएर राम्रोसित सिक्छन्।

*उदाहरण: सुसमाचार कथा पुस्तक श्रृँखलाबाट* एउटा कथा सुनाउनुहोस्। एउटा नानीलाई त्यही कथा आफ्नो समुहमा बताउन लगाउनुहोस् अनि फेरि अर्को नानीलाई त्यही कथा बताउन लगाउनुहोस् अथवा कथा सुनाइसकेपछि त्यस कथालाई चित्र कोरेर बताउन लगाउनुहोस् अथवा कथा भनिसकेपछि ती नानीहरुलाई त्यस कथाको विषयमा प्रश्नहरु सोध्नुहोस्।

सबै मानिसहरुले एउटा शिक्षण बिन्दु प्रयोग गरेर असल सिक्छन्।

## सुसमाचार कथा पुस्तक कार्यक्रम पुस्तिका

*सुसमाचार कथा पुस्तक कार्यक्रममा* १६ वटा पाठहरु छन्। प्रत्येक पाठमा *सुसमाचार कथा पुस्तक श्रृखलाबाट* एउटा कथा, एउटा एक्शन गीत, वस्तु पाठ, एउटा बाइबल पद स्मरण खेल अनि हाम्रो आजको जीवनको लागी व्यवहारिक उपयोग छन्। प्रत्येक पाठमा नानीहरुले केही न केही गरिरहेकै हुन्छन्।

प्रत्येक पाठमा तपाईंले कति समावेश गर्नुहुन्छ भन्ने कुरा तपाईंले नानीहरुको साथमा बिताउने समय र तिनीहरुको विकासको स्तरमाथि निर्भर हुँदछ। प्रत्येक पाठमा कम्तिमा पनि *सुसमाचार कथा पुस्तकबाट* एउटा कथा, एक्शन गीत अनि एउटा शिक्षण बिन्दु सिकाउने व्यवहारिक उपयोग समावेश गरिएकै हुनुपर्दछ।

कार्यक्रमको प्रत्येक चरण समाप्त भएपछि, सबै नानीहरुलाई ती पाठहरुमा प्रयोग गरिएका तिनीहरुको आफ्नै *सुसमाचार कथा पुस्तकको* प्रति दिइनुपर्दछ। *सुसमाचार कथा पुस्तक कार्यक्रमको* अन्त्यमा सबै नानीहरुले छ, छ वटा पुस्तक प्राप्त गरिसकेको हुनुपर्दछ।

सबै मानिसहरुले दोहोऱ्याएर, दोहोऱ्याएर, दोहोऱ्याएर राम्रोसित सिक्छन्।



**एउटा एक्शन गीत:** एउटा गीतको शब्द अनि एक्शन अभिनय अतिनै सरल र सिक्नमा सजिलो हुनुपर्दछ। तपाईंले शब्दहरुसित मिल्ने धुन तयार गर्न सक्नुहुन्छ अथवा तपाईंले जान्नुभएको पहिल्यैदेखिको कुनै एउटा एक्शन गीत अथवा तपाईंको आफ्नै गीत लेख्न सक्नुहुन्छ। तपाईंले प्रयोग गर्न चुन्नुभएको कुनै पनि एक्शन गीतले पाठको एउटा शिक्षण बिन्दु सिकाउनैपर्छ।

नानीहरुले स्मरण नगरेसम्म आवश्यक्ता अनुसार एक्शन गीत दोहोर्‍याउनुहोस्।

**एउटा वस्तु पाठ:** एउटा वस्तु पाठ नानीहरुले प्रतिदिन देख्ने कुनै चीज देखाउनु हो, जसले परमेश्वरको विषयमा एउटा शिक्षण बिन्दु सिकाउँदछ।

*उदाहरण:* येशूनै संसारको ज्योति हुनुहुन्छ भन्ने एउटा शिक्षण बिन्दुको निम्ति एउटा वस्तु पाठ यसरी सिकाउन सकिन्छ: सबै बत्तीहरु निभाउनुहोस् अनि कोठालाई अँध्यारो बनाउनुहोस्। एउटा मैनबत्ती बाल्नुहोस् र मैनबत्तीको स्वाभाविक प्रकाशले कसरी स्वाभाविक अन्धकारलाई हटाउँदछ सो देखाउनुहोस्। त्यसपछि उहाँ सबै नराम्रो आत्मा र हामीले बोलेका, सोंचेका अथवा गरेका सबै नराम्रा कुराहरुको आत्मिक अन्धकारलाई हटाउने आत्मिक ज्योति हुनुहुन्छ भनी बताउँदै, कसरी येशू त्यो मैनबत्तीको ज्योति हुनुहुन्छ भनी बताउनुहोस्।

**एउटा बाइबल पद स्मरण खेल:** यो खेल नानीहरुलाई पाठको शिक्षण बिन्दु सिक्न र एउटा बाइबल पद स्मरण गर्न सहायता गर्नको निम्ति खेलाइन्छ। *सुसमाचार कथा पुस्तक कार्यक्रममा* बाइबल पद स्मरण खेल समावेश छन्। *उदाहरण:* बाइबल पद स्मरणको अभिनय गर्नुहोस् (नबोली अथवा कुनै आवाज नगरीकनै) अनि नानीहरुलाई केको अभिनय गरिएको हो सो बताउने पालैपालो मौका दिइनुपर्छ। अरु खेल एउटा गाड़धनको खोजी, अड्कल काट्ने प्रतियोगिता, अनि यस्तै अरु खेलहरु पनि हुनसक्छन्।


**व्यवहारिक उपयोग:** हाम्रो आजको जीवनमा एउटा शिक्षण बिन्दुको अर्थ के हुन्छ भनी सिक्नु अत्यन्तै महत्वपूर्ण हुँदछ। *उदाहरण:* येशू संसारको ज्योति हुनुहुन्छ भन्ने एउटा शिक्षण बिन्दुको निम्ति व्यवहारिक उपयोग यस्तो हुन्छ: जब हामी येशूमा विश्वास गर्छौं, उहाँ त्यो आत्मिक ज्योति हुनुहुन्छ जसले सबै नराम्रो आत्माहरुलाई हटाउनुहुन्छ। नराम्रो आत्माहरुको हामीमाथि कुनै अधिकारै हुँदैन।


# कसरी चित्र बनाएर बताउनु

यस पुस्तिका भरिनै तपाईंले कथा बताउँदै गर्दा नक्कल गर्ने र चित्र कोर्ने थुप्रै उदाहरणहरु छन्। यस पानामा चरण चरण गरी छिटो छिटो चित्र बनाउन सिक्नको लागि तपाईंलाई सहायता गर्ने उदाहरण छ।


तपाईंले चित्र बनाउन र कथा बताउन सिध्याएपछि, नानीहरुले पनि कथाको तिनीहरुको आफ्नै कथा नक्कल गर्न र चित्र कोर्न सक्षम हुन्छन्।


**सामग्रीहरु:** चित्र कोर्नको लागि कालोपाटी र चक, अथवा धूलो र सिन्का, अथवा पेपर र पेन्सिल। नानीहरुको निम्ति चित्र कोर्ने गत्ता अथवा पेपर, पेन्सिल र इरेजर चाहिन्छ।















# पाठ १



## एउटा शिक्षण बिन्दु

***सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु सृष्टि गर्नुभयो***

## बाइबल कथा

सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु सृष्टि गर्नुभयो

***सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु सृष्टि गर्नुभयो भनेर सिकाउने कथा प्रयोग गर्नुहोस्***

**सुसमाचार कथा पुस्तक एक।** पृष्ठ २-९। *सृष्टिकर्ता परमेश्वर।*

**सामग्रीहरु:**चित्र कोर्नको लागि कालोपाटी र चक, अथवा धूलो र सिन्का, अथवा पेपर र पेन्सिल। नानीहरुको निम्ति चित्र कोर्ने गत्ता अथवा पेपर, पेन्सिल र इरेजर चाहिन्छ।

चित्र बनाएर कथा भन्नुहोस्। प्रत्येक पाना पढेपछि नानीहरुलाई एउटा प्रश्न सोध्नुहोस्।

१, २, ३ कथा भन्न शुरु गर्नुहोस्...



म ताराहरू देख्न सक्छु। ताराहरू गाइरहेका छन्।

प्रश्न: **सृष्टिकर्ता परमेश्वरले के सृष्टि गर्नुभयो?**
नानीहरुले उत्तर दिन्छन्: ताराहरु।



म पशुहरू देख्न सक्छु। पशुहरू गाइरहेका छन्।

प्रश्न: **सृष्टिकर्ता परमेश्वरले के सृष्टि गर्नुभयो?**
नानीहरुले उत्तर दिन्छन्: पशुहरु।



म आत्माहरू देख्न सक्छु। आत्माहरू गाइरहेका छन्।

प्रश्न: **सृष्टिकर्ता परमेश्वरले के सृष्टि गर्नुभयो?**
नानीहरुले उत्तर दिन्छन्: आत्माहरु।



पहिलो पुरुष र स्त्रीलाई म देख्न सक्छु। पहिलो पुरुष र स्त्री गाइरहेका छन्।

प्रश्न: **सृष्टिकर्ता परमेश्वरले के सृष्टि गर्नुभयो?**
नानीहरुले उत्तर दिन्छन्: पहिलो पुरुष अनि स्त्री।

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु, 'म तिमीलाई प्रेम गर्छु!' मैले गाउन शुरू गरें।

प्रश्न: **सृष्टिकर्ता परमेश्वरले के भन्नुभयो?**
नानीहरुले उत्तर दिन्छन्: म तिमीहरुलाई माया गर्छु।

# पाठ १



सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु, ‘मेरो पूर्ण संसारको हेरचाह गर।’

शिक्षक: **सृष्टिकर्ता परमेश्वरले के भन्नुभयो?**

नानीहरुले उत्तर दिन्छन्: मेरो सिद्ध संसारको हेरचाह गर।

सबथोकले गाइरहेका...गाइरहेका...गाइरहेका म सुन्न सक्छु।

सबथोकले सृष्टिकर्ता परमेश्वरको निम्ति गाइरहेका छन्। सृष्टिकर्ता परमेश्वरले सबथोक सृष्टि गर्नुभयो।

**नानीहरुलाई कथाको चित्र कोर्न लगाउनुहोस्।**

## एक्शन गीत

***सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु सृष्टि गर्नुभयो भनेर सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु सृष्टि गर्नुभयो

| | |
|---|---|
| शिक्षक: | कसले बनायो फूलहरुलाई, फूलहरुलाई, फूलहरुलाई, |
| नानीहरूले: | कसले बनायो फूलहरुलाई, ईश्वर जो स्वर्गमा छन्। |
| शिक्षक: | कसले बनायो ताराहरुलाई, ताराहरुलाई, ताराहरुलाई, |
| नानीहरूले: | कसले बनायो ताराहरुलाई, ईश्वर जो स्वर्गमा छन्। |
| शिक्षक: | कसले बनायो माछाहरुलाई, माछाहरुलाई, माछाहरुलाई, |
| नानीहरूले: | कसले बनायो माछाहरुलाई, ईश्वर जो स्वर्गमा छन्। |
| शिक्षक: | कसले बनायो पशुहरुलाई, पशुहरुलाई, पशुहरुलाई, |
| नानीहरूले: | कसले बनायो पशुहरुलाई, ईश्वर जो स्वर्गमा छन्। |
| शिक्षक: | कसले बनायो चराहरुलाई, चराहरुलाई, चराहरुलाई, |
| नानीहरूले: | कसले बनायो चराहरुलाई, ईश्वर जो स्वर्गमा छन्। |
| शिक्षक: | कसले बनायो तिमीलाई-मलाई, तिमीलाई-मलाई, तिमीलाई-मलाई, |
| नानीहरूले: | कसले बनायो तिमीलाई-मलाई, ईश्वर जो स्वर्गमा छन्। |

# पाठ १

## वस्तु पाठ

***सृष्टिकर्ता परमेश्वरले सबै थोकहरु सृष्टि गर्नुभयो भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्।***

सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु सृष्टि गर्नुभयो

**हेर अनि सिक:** बादलहरुलाई हेर, प्रत्येक बादल एउटा बादल नै हो, तापनि प्रत्येक बादल भिन्नै छ। राती ताराहरुलाई हेर, प्रत्येक तारा एउटा तारा नै हो, तापनि प्रत्येक तारा भिन्नै छ। गाईहरुलाई हेर, प्रत्येक गाई, गाईनै हो, तापनि प्रत्येक गाई भिन्नै छ। पुरुषलाई हेर, प्रत्येक पुरुष पुरुष नै हो, तापनि प्रत्येक पुरुष भिन्नै छ। स्त्रीलाई हेर, प्रत्येक स्त्री एउटी स्त्री नै हो, तापनि प्रत्येक स्त्री भिन्नै छे।

सबै सृष्टिको एउटै सृष्टिकर्ता हुनुहुन्छ। सृष्टिकर्ता परमेश्वरले सबै थोकहरु सृष्टि गर्नुभयो। सृष्टिकर्ता परमेश्वरले सबैथोक एउटै भए तापनि भिन्न-भिन्नै सृष्टि गर्नुभयो।

## बाइबल पद स्मरण खेल

***सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु सृष्टि गर्नुभयो भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***




सृष्टिकर्ता परमेश्वरको अर्को नाउँ *परमप्रभु* हो भनी बताइदिनुहोस्।

**भजन १४६ पद १ अनि ६** *परमप्रभुको प्रशंसा गरौं! हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर! परमप्रभुले स्वर्ग अनि पृथ्वी बनाउनु भयो। परमप्रभुले समुद्र र त्यहाँ भएका प्रत्येक कुरा रच्नुभयो।*



**गाड़धनको खोजी:** एउटा कागजको पानामा 'परमप्रभुको प्रशंसा गरौं' लेख्नुहोस्, (पन्ना पल्टाउनुहोस् अनि एउटा व्यक्तिले आराधना गर्दै गरेको चित्र बनाउनुहोस्)। पन्नाको अर्को टुक्रामा 'हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर!' लेख्नुहोस् (पन्नाको अर्कोतिर एउटा व्यक्तिले हृदयबाट आराधना गर्दैगरेको चित्र बनाउनुहोस्)। फेरि अर्को पन्नामा 'परमप्रभुले स्वर्ग अनि पृथ्वी बनाउनुभयो' लेख्नुहोस् (पन्ना पल्टाउनुहोस् अनि स्वर्ग र पृथ्वीको नक्शा बनाउनुहोस्)। फेरि अर्को पन्नामा 'परमप्रभुले समुद्र र त्यसमा भएका प्रत्येक कुरा रच्नुभयो' लेख्नुहोस् (पन्ना पल्टाउनुहोस् अनि समुद्र र माछाको नक्शा बनाउनुहोस्)। नानीहरु आइपुग्नुभन्दा अगाडिनै ती पन्नाका टुक्राहरु भिन्न-भिन्नै ठाउँहरुमा लुकाउनुहोस्। पाँचवटा पन्नाका टुक्राहरुमा ती लुकाइएका ठाउँहरुको एउटा साधारण मानचित्र बनाउनुहोस्।



नानीहरुलाई पाँच दलमा विभाजित गर्नुहोस्। (यदि त्यहाँ पाँचभन्दा कम्ती नानीहरु छन् भने, सबै नानीहरुलाई एउटै दल बनाएर एउटै मानचित्रमा काम गर्न दिनुहोस्)। सबैभन्दा ठूला नानीहरु दलका अगुवा बन्नुपर्छ र स-साना नानीहरुलाई सहयोग गर्नुपर्छ। प्रत्येक दललाई तिनीहरुका मानचित्र दिनुहोस्, अथवा तपाईंले तिनीहरुको 'गाड़धन' लुकाइएको ठाउँ थाहा पाउन सहायता गर्नको लागि प्रत्येक दललाई केही सूत्र बताउनुहोस्।

तिनीहरुको बाइबल पद स्मरणको भाग पाउने पहिलो दल विजयी हुन्छ।

१, २, ३ शुरु गर्नुहोस्...

जब पाँचै दलले तिनीहरुका बाइबल पद स्मरणको साथमा आ-आफ्ना पन्नाका टुक्राहरु प्राप्त गरिसक्छन्, प्रत्येक दलका नानीहरुलाई तिनीहरुको दलको निम्ति एकजना अगुवा चुन्न लगाउनुहोस्। सबै दलका अगुवालाई तिनीहरुका बाइबल पदका वाक्य अथवा चित्रहरुलाई ठीक स्थानमा राख्न लगाउनुहोस्। प्रत्येक दलको अगुवाले अरु दलका अगुवाहरुको साथमा काम गर्नुपर्छ। तिनीहरुले ठीक ढङ्गमा काम गरिसकेपछि बताउन लगाउनुहोस्।

त्यसपछि दलका अगुवाहरुलाई बाइबल स्मरण पद समात्न अथवा अरु नानीहरुले पनि त्यो बाइबल पद स्मरण जोड़ले भनोस् भनी ठीक ढङ्गमा एक समयमा एउटा वाक्य भन्न लगाउनुहोस्।

यदि नानीहरुले अझैपनि पढ्न सिकेका छैनन् भने, ती चित्रहरुतिर औँल्याउँदै नानीहरुले स्मरण गर्न सकून् भनी ती शब्दहरु भनिदिनुहोस्। तिनीहरुले स्मरण नगरेसम्म नानीहरुलाई बाइबल पद स्मरण दोहोऱ्याउन लगाउनुहोस्। नानीहरुबाट बाइबल पद स्मरण लुकाउनुहोस् र तिनीहरुलाई बाइबल पद स्मरण भन्न लगाउनुहोस्।

## व्यवहारिक उपयोग


सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु सृष्टि गर्नुभयो

***सृष्टिकर्ता परमेश्वरले सबै थोकहरु सृष्टि गर्नुभयो भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरले तपाईं र म सहित सबै थोकहरु सृष्टि गर्नुभयो। केवल सृष्टिकर्ता परमेश्वरमात्र आराधना गरिने योग्यको हुनुहुन्छ किनकि सृष्टिकर्ता परमेश्वरले नै सबै थोकहरु सृष्टि गर्नुभयो।

**प्रार्थना:** सृष्टिकर्ता परमेश्वर, तपाईंले सबै थोकहरु सृष्टि गर्नुभयो। केवल तपाईंमात्र हुनुहुन्छ जसको हामी आराधना गर्नसक्छौं, किनकि तपाईंले सबै थोकहरु सृष्टि गर्नुभयो। सबै थोक सृष्टि गर्नुभएको निम्ति धन्यवाद। मलाई प्रेम गर्नुभएको निम्ति धन्यवाद। आमेन।

# पाठ २



## एउटा शिक्षण बिन्दु

***सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ***

## बाइबल कथा

***सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ भनी सिकाउने कथा सिकाउनुहोस्***

सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ

**सुसमाचार कथा पुस्तक एक।** पृष्ठ १०-१३। *सबैभन्दा शक्तिशाली*

तपाईंले पढ्दै गर्दा नानीहरुलाई *सुसमाचार कथा पुस्तकमा* भएका चित्रहरु देखाउँदै पृष्ठ १०-१३ बाट कथा पढ्नुहोस्। तपाईले कथा पढिसकेपछि अब पालो नानीहरूको हो।

**नानीहरुले कथा भन्छन्:** सबै नानीहरुलाई १ र २, १ र २, १ र २, १ र २ अंक पालै पालो भन्न लगाउनुहोस्। १ अंक पाउने नानीले अंक २ पाउने नानीसित जोडी बाँध्नुपर्छ। अंक १ पाउने प्रत्येक नानीले अंक २ पाउने उसको जोडी नानीलाई कथा भन्नुपर्छ। त्यसै गरी अब अंक २ पाउने नानीले अंक १ पाउने उसको जोडी नानीलाई फेरि कथा बताउनुपर्छ। जब सबैले कथा भनिसक्छन्, पुन: सबै नानीहरुलाई एउटा समुहमा आउन लगाउनुहोस्।

### प्रश्न अनि उत्तर प्रतियोगिता

नानीहरुलाई कथाको विषयमा प्रश्नहरु सोध्नुहोस्। नानीहरुको दुई दल बनाउनुहोस्। पहिलो दललाई एउटा प्रश्न सोध्नुहोस्। पहिलो दलका सबै नानीहरुले एउटा उत्तर दिने निर्णय गरुन्। तिनीहरुले सही उत्तर दिन्छन् भने तपाईंले तिनीहरुको दललाई एक अंक दिनुहोस्। पहिलो दलले सही उत्तर दिन नसकेको खण्डमा त्यही प्रश्न दोस्रो दललाई सोध्नुहोस्। दोस्रो दलका सबै नानीहरुले एउटै उत्तर दिने निर्णय गर्नुपर्छ। तिनीहरुले सही उत्तर दिन्छन् भने तिनीहरुको दललाई एक अंक दिनुहोस्।

जम्मा अंकहरु एउटा कालोपाटी अथवा अर्को एउटा कागजको टुक्रमा राख्नुहोस्।

त्यसपछि दोस्रो दललाई कथाको अर्को प्रश्न सोध्नुहोस्। दोस्रो दलका सबै नानीहरुले एउटा उत्तर दिने निर्णय गरुन्। दोस्रो दलले सही उत्तर दिएमा तिनीहरुको दललाई एक अंक दिनुहोस्। तर दोस्रो दलले सही उत्तर दिन नसकेको खण्डमा त्यही प्रश्न पहिलो दललाई सोध्नुहोस्। पहिलो दलका सबै नानीहरुले एउटै उत्तर दिने निर्णय गर्नुपर्छ। तिनीहरुले सही उत्तर दिन्छन् भने

# पाठ २



तिनीहरुको दललाई एक अंक दिनुहोस्।

पहिलो र दोस्रो दललाई पालै पालो कथाका प्रश्नहरु सोध्नुहोस्।

यदि एउटा नानीले गलत उत्तर दिन्छ भने तिनीहरुलाई उत्साह दिनुहोस् र भन्नुहोस् 'तिमीले राम्रो प्रयास गर्‍यौ, तापनि मैले खोजेको उत्तर त्यो होइन। नानीले एउटा सही उत्तर दिएमा, सही! एकदम राम्रो! भन्नुहोस्!

तपाईंले सोध्नसक्ने केही प्रश्नहरु उत्तरसहित यहाँ छन्।

**कसले भन्छ 'म सृष्टिकर्ता परमेश्वर जस्तै हुनेछु?'**
नराम्रो आत्माले।

**हामी यस नाटकबाट के सिक्दछौं?**
सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ।

**यो आत्माहरुको लड़ाईं कहाँ भएको थियो?**
स्वर्गमा।

सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ


**किन सृष्टिकर्ता परमेश्वर शक्तीशाली हुनुहुन्छ?**
उहाँ सबैभन्दा शक्तिशाली हुनुहुन्छ किनकि उहाँले सबै थोकहरु सृष्टि गर्नुभयो।

**सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ भनी जान्नाले हामीलाई आज कसरी सहायता गर्छ?**
सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ भन्नुको अर्थ हो दुष्ट आत्मा अनि सबै दुष्ट आत्माहरूको ममाथि कुनै अधिकार छैन। म केवल सृष्टिकर्ता परमेश्वरको मात्र गीत गाउँछु।

# पाठ २

## एक्शन गीत

***सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ भनी सिकाउने एक्शन गीत सिकाउनुहोस्***



सृष्टिकर्ता परमेश्वर, सबैभन्दा शक्तिशाली x ३

शक्तिशाली x ३, सबैभन्दा शक्तिशाली।

दुष्ट आत्माको अब अधिकार छैन,

अधिकार छैन x ३, अधिकारै छैन।

सृष्टिकर्ता परमेश्वर, सबैभन्दा शक्तिशाली x ३

शक्तिशाली x ३, सबैभन्दा शक्तिशाली।

## वस्तु पाठ

***सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्।***

सबैभन्दा सानो केटो र सबैभन्दा ठूलो केटो अथवा सबैभन्दा सानी केटी अनि सबैभन्दा ठूली केटीको बीचमा हाते कुस्ती खेल्न लगाउनुहोस्। सबैभन्दा बलियोले जित्छ भनी देखाइदिनुहोस् अनि सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ र उहाँले सधैं जित्नुहुन्छ भनी बताउनुहोस्। दुष्ट आत्माहरु पराजित भएका छन्। तिनीहरुले युद्ध हारिसकेका छन्।

सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ

## बाइबल पद स्मरण खेल

***सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***

**प्रकाश १२:८** *तर त्यो (खराब आत्माले) विशाल सर्प (खराब आत्मा) त्यति शक्तिशाली थिएन। त्यो विशाल सर्प अनि त्यसका दूतहरूले (खराब आत्माले) स्वर्गमा आफ्ना स्थान गुमाए।*

**रहस्यमय चित्र शब्दहरु:** यदि नानीहरुले पढ्न सिकेकै छैनन् भने, शब्दको स्थानमा चित्र प्रयोग गर्नुहोस्। एउटा कागजको टुक्रामा बाइबल पद स्मरणको एउटा शब्द लेख्नुहोस्। अर्को कागजको टुक्रामा (त्यही आकारको) बाइबल पद स्मरणबाट अर्को शब्द लेख्नुहोस्। फेरि अर्को कागजको टुक्रामा बाइबल पद स्मरणका सबै शब्दहरु नलेखिएसम्म अर्को कागजको टुक्रामा (त्यही आकारको) बाइबल पद स्मरणको अर्को शब्द लेखिरहनुहोस्। 'त्यती' 'शक्तिशाली' 'थिएन' भएको कागजका टुक्राहरु भएको बाहेक अरु सबै कागजका टुक्राहरुमा सानो आकारमा ५ अंक लेख्नुहोस्। तीनीहरुमा चाहिँ सानो अकारमा ३० अंकहरु लेख्नुहोस्।

कागजका सबै टुक्राहरुलाई उल्टा राख्नुहोस् ताकि कसैले पनि शब्द अथवा अंकहरु देख्न नपाओस् र वाक्यलाई मिसाउनुहोस्।

# पाठ २

नानीहरुलाई दुइ दलमा राख्नुहोस्। तिनीहरुको दलको लागि कागजको एउटा टुक्रा चुन्नको लागि एउटा नानी चुन्नुहोस्। तिनीहरुले चुनेको पन्नाको टुक्रा पल्टाउनुहोस् र तिनीहरुको दलको कार्डमा अंकहरुले पुरस्कृत गर्नुहोस्।

जम्मा अंकहरु एउटा कालोपाटी अथवा अर्को एउटा कागजको टुक्रामा राख्नुहोस्।

सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ

तिनीहरुको दलको लागि कागजको एउटा टुक्रा चुन्नको लागि एउटा नानी चुन्नुहोस्। तिनीहरुले चुनेको पन्नाको टुक्रा पल्टाउनुहोस् र तिनीहरुको दलको कार्डमा अंकहरुले पुरस्कृत गर्नुहोस्। सबै शब्दहरु देखा नपरेसम्म दलहरुलाई पालैपालो त्यसो गर्न लगाउनुहोस्।

तिनीहरुमध्ये कसले सही ढङ्गमा त्यसलाई मिलाउनसक्छ सो सोध्नुहोस् (पहिला हात उठाउन लगाउनुहोस्) अनि सफल बने तिनीहरुले आफ्नो दलको लागि १० अंक प्राप्त गर्नेछन्। जित्ने दललाई अंक दिनुहोस्।

यदि नानीहरुले अझसम्म पढ्न सिकेका छैनन् भने, तपाईंले ती शब्दहरुलाई सही ढङ्गमा मिलाएर राख्नुहोस् र नानीहरुले स्मरण गरोस भनी बाइबल पद स्मरण भनिदिनुहोस्।

सबैले ताली बजाएर जित्ने दललाई उत्साह दिऊन्। नानीहरुले देख्न सकुन् भनी बाइबल पद स्मरण लेखिएका पन्नाका टुक्राहरु सही ढङ्गमा राख्नुहोस्।

## व्यवहारिक उपयोग

### ***सृष्टिकर्ता परमेश्वर सबै शक्तिहरुभन्दा शक्तिशाली हुनुहुन्छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ भनी चिन्नुको अर्थ हो, हामीमाथि दुष्ट आत्मा अनि सबै दुष्ट आत्माहरुको केही अधिकार छैन। म केवल सृष्टिकर्ता परमेश्वरको निम्ति मात्र गाउँछु।

**प्रार्थना:** सृष्टिकर्ता परमेश्वर तपाई सबैभन्दा शक्तिशाली हुनुहुन्छ तपाईंलाई धन्यवाद। तपाईंलाई धन्यवाद कि म केवल तपाईको निम्ति मात्र गाउछु अनि दुष्ट आत्मा र अरु सारा दुष्ट आत्माहरुको ममाथि कुनै अधिकार छैन, किनकि तपाई सबैभन्दा शक्तिशाली हुनुहुन्छ। तपाईंले मेरो निम्ति युद्ध जीतिसक्नुभएको छ। आमेन।

# पाठ ३



## एउटा शिक्षण बन्दु

***जब हामीले सृष्टिकर्ता परमेश्‍वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकारमा हराउँदा पनि सृष्टिकर्ता परमेश्‍वरले हामीलाई अझै पनि प्रेम गरिरहनुहुन्छ***

जब हामीले सृष्टिकर्ता परमेश्‍वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकाररमा हराउँदा पनि सृष्टिकर्ता परमेश्‍वरले हामीलाई अझै पनि प्रेम गरिरहनुहुन्छ

## बाइबल कथा

***जब हामीले सृष्टिकर्ता परमेश्‍वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकारमा हराउँदा पनि सृष्टिकर्ता परमेश्‍वरले हामीलाई अझै पनि प्रेम गरिरहनुहुन्छ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्***

**सुसमाचार कथा पुस्तक एक।** पृष्ठ १४-२४। *अन्धकारमा हराएको*

**सामग्रीहरु:** चित्र कोर्नको लागि कालोपाटी र चक, अथवा धूलो र सिन्का, अथवा पेपर र पेन्सिल। नानीहरुको निम्ति चित्र कोर्ने गत्ता अथवा पेपर, पेन्सिल र इरेजर चाहिन्छ। नक्शा बनाउनुहोस् अनि कथा बताउनुहोस्।
१, २, ३ कथा बताउन शुरु गर्नुहोस्…



पहिलो पुरुष र स्त्रीलाई म देख्न सक्छु।

सृष्टिकर्ता परमेश्‍वरले यसो भनिरहनु भएको म सुन्न सक्छु, ‘असल र खराबको रूखबाट फल नखानू।’



पहिलो पुरुष र स्त्रीले सुनिरहेका छैनन्…सुनिरहेका छैनन्…सुनिरहेका छैनन्।

खराब आत्माले यसो भनिरहेको म सुन्न सक्छु, ‘तिमी सृष्टिकर्ता परमेश्‍वर जस्तै हुनेछौ। असल र खराबको रूखबाट फल खाऊ।’



पहिलो स्त्रीले सुनीरहेकी…सुनीरहेकी…सुनिरहेकी छिन्। पहिलो स्त्रीले यसो भनिरहेकी म सुन्न सक्छु, ‘म सृष्टिकर्ता परमेश्‍वर जस्तै हुनेछु। म असल र खराबको रूखबाट फल खानेछु।’

पहिलो स्त्रीले खाइरहेकी…खाइरहेकी…खाइरहेकी छिन्।




पहिलो पुरुषले यसो भनिरहेको म सुन्न सक्छु, ‘म सृष्टिकर्ता परमेश्‍वर जस्तै हुनेछु। म असल र खराबको रूखबाट फल खानेछु।’

पहिलो पुरुषले खाइरहेका…खाइरहेका…खाइरहेका छन्।

# पाठ ३





म पहिलो पुरुष र स्त्रीलाई हेर्ने कोशिश गर्दछु। पहिलो पुरुष र स्त्री लुकीरहेका छन्।

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु, 'म तिमीहरूलाई अझै पनि प्रेम गर्छु!'

'म तिमीहरूलाई बचाउनेछु। तिमीहरूले मलाई भेट्टाउनेछौ।'

सृष्टिकर्ता परमेश्वर आउँदै हुनुहुन्छ...

**प्रश्न अनि उत्तर प्रतियोगिता**

नानीहरुलाई कथाको विषयमा प्रश्नहरु सोध्नुहोस्। नानीहरुको दुइ दल बनाउनुहोस्। पहिलो दललाई एउटा प्रश्न सोध्नुहोस्। पहिलो दलका सबै नानीहरुले एउटा उत्तर दिने निर्णय गरुन्। तिनीहरुले सही उत्तर दिन्छन् भने, तपाईंले तिनीहरुलाई एक अंक दिनुहोस्। पहिलो दलले सही उत्तर दिन नसकेको खण्डमा त्यही प्रश्न दोस्रो दललाई सोध्नुहोस्। दोस्रो दलका सबै नानीहरुले एउटै उत्तर दिने निर्णय गर्नुपर्छ। तिनीहरुले सही उत्तर दिन्छन् भने तिनीहरुको दललाई एक अंक दिनुहोस्।

जम्मा अंकहरु एउटा कालोपाटी अथवा अर्को एउटा कागजको टुक्रमा राख्नुहोस्।

जब हामीले सृष्टिकर्ता परमेश्वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकाररमा हराउँदा पनि सृष्टिकर्ता परमेश्वरले हामीलाई अझै पनि प्रेम गरिरहनुहुन्छ

त्यसपछि दोस्रो दललाई कथाको अर्को प्रश्न सोध्नुहोस्। दोस्रो दलका सबै नानीहरुले एउटा उत्तर दिने निर्णय गरुन्। दोस्रो दलले सही उत्तर दिएमा तिनीहरुको दललाई एक अंक दिनुहोस्। तर दोस्रो दलले सही उत्तर दिन नसकेको खण्डमा त्यही प्रश्न पहिलो दललाई सोध्नुहोस्। पहिलो दलका सबै नानीहरुले एउटै उत्तर दिने निर्णय गर्नुपर्छ। तिनीहरुले सही उत्तर दिन्छन् भने तिनीहरुको दललाई एक अंक दिनुहोस्।

पहिलो र दोस्रो दललाई पालै पालो कथाका प्रश्नहरु सोध्नुहोस्।

यदि एउटा नानीले गलत उत्तर दिन्छ भने, तिनीहरुलाई उत्साह दिनुहोस् र भन्नुहोस्, तिमीहरुले राम्रो प्रयास गऱ्यौ तापनि मैले खोजेको उत्तर त्यो होइन भन्नुहोस्। नानीले एउटा सही उत्तर दिएमा, सही! एकदम राम्रो! भन्नुहोस्।

अर्को पृष्ठमा तपाईंले सोध्नसक्ने केही प्रश्नहरु उत्तरसहित छन्।

# पाठ ३

**कसले भन्यो, 'असल र खराबको रुखबाट खाऊ। तिमीहरु सृष्टिकर्ता परमेश्वर जस्तै हुनेछौ'?**
दुष्ट आत्माले।

**पहिलो पुरुष र स्त्रीले कसको कुरा सुने, सृष्टिकर्ता परमेश्वरको कि दुष्ट आत्माको?**
दुष्ट आत्माको।

जब हामीले सृष्टिकर्ता परमेश्वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकाररमा हराउँदा पनि सृष्टिकर्ता परमेश्वरले हामीलाई अझै पनि प्रेम गरिरहनुहुन्छ

**प्रथम पुरुष र स्त्री किन सृष्टिकर्ता परमेश्वरबाट लुके?**
तिनीहरुले सृष्टिकर्ता परमेश्वरको कुरा सुनेनन् अनि सृष्टिकर्ता परमेश्वरले नगर्नु भन्नुभएकै कुरा गरेको कारण तिनीहरु लाजमा परेका थिए।

**तिनीहरु उहाँबाट लुकेपछि सृष्टिकर्ता परमेश्वरले प्रथम पुरुष र स्त्रीलाई के भन्नुभयो?**
'म अझैपनि तिमीहरुलाई प्रेम गर्छु!म तिमीहरुलाई बचाउनेछु। तिमीहरुले मलाई प्राप्त गर्नेछौ।'


**यो कथाले हामीलाई सृष्टिकर्ता परमेश्वरको बारेमा के देखाउँछ?**
सृष्टिकर्ता परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ।

**सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ भनी जान्नाले आज हामीलाई कसरी सहायता गर्छ?**

सृष्टिकर्ता परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ भनी चिन्नुको अर्थ हो, हामीमाथि दुष्ट आत्मा अनि सबै दुष्ट आत्माहरुको केही अधिकार छैन। म केवल सृष्टिकर्ता परमेश्वरको निम्ति मात्र गाउँछु।

**नानीहरुलाई कथाको चित्र बनाउन लगाउनुहोस्।**





x2





## एक्शन गीत

***जब हामीले सृष्टिकर्ता परमेश्वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकारमा हराउँदा पनि सृष्टिकर्ता परमेश्वरले हामीलाई अझै पनि प्रेम गरिरहनुहुन्छ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरको प्रेम

अति धेरै, अति धेरै, अति धेरै।

सृष्टिकर्ता परमेश्वरको प्रेम

अति धेरै, अति धेरै, अति धेरै।

सृष्टिकर्ता परमेश्वरको प्रेम

अति धेरै, अति धेरै, अति धेरै।

सृष्टिकर्ता परमेश्वरको प्रेम

मलाई बचाउने, मलाई बचाउने, मलाई बचाउने।

# पाठ ३

## वस्तु पाठ

***हामीले सृष्टिकर्ता परमेश्वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकारमा हराउँदा, सृष्टिकर्ता परमेश्वरले हामीलाई अझैपनि प्रेम गर्नुहुन्छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्।***

**सामग्रीहरु:** कागजको एउटा ठूलो पन्ना। एक जोड़ी कैंची।

एउटा हृदयको आकार बनाउनुहोस् र त्यो हृदयमा लेख्नुहोस् **'सृष्टिकर्ता परमेश्वरको प्रेम'** त्यो सृष्टिकर्ता परमेश्वरको प्रेम लेखिएको पन्ना नानीहरुलाई देखाउनुहोस्।

**सृष्टिकर्ता परमेश्वरको** प्रेम यस्तो कुरा हो जो हामी सबैसित हुनसक्छ र हामी अरुलाई पनि दिन सक्छौं भनी बताइदिनुहोस्। पन्नाको चारैकुनामा औंल्याउनुहोस्।

**शिक्षक:** यदि मैले सृष्टिकर्ता परमेश्वरको प्रेमको मेरा चारकुनामध्ये एउटा तिमीहरुलाई दिएँ भने मसित कतिवटा कुनाहरु रहन्छन्?

नानीहरूले उत्तर दिन्छन्: ४ – १ = ३ वटा।

पन्नाको चार कुनाहरुमध्ये एउटा काटेर नानीहरुमध्ये एकजनालाई दिनुहोस्।

**शिक्षक:** गन अब यहाँ कतिवटा कुनाहरु छन्?

नानीहरुले उत्तर दिन्छन्: १, २, ३, ४ … ५ वटा!

**शिक्षक:** मसित चारवटा कुनाहरु थिए, एउटा कुना दिइहालें, अनि अब मसित पाँचवटा कुनाहरु छन्!

रहेका तीनवटा कुनाहरु पनि काट्नुहोस्।

**शिक्षक:** अब मसित कतिवटा कुनाहरु छन्?

नानीहरुले उत्तर दिन्छन्: १, २, ३, ४, ५, ६, ७ … ८ वटा!

ती कुनाहरु जस्तै, तपाई जति धेरै परमेश्वरको प्रेम अरुलाई दिनुहुन्छ, त्यती नै धेरै यो बढ्छ।

सृष्टिकर्ता परमेश्वरको प्रेम यति ठूलो छ कि, यो कति ठूलो छ सो हामी गन्न पनि सक्दैनै।


जब हामीले सृष्टिकर्ता परमेश्वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकाररमा हराउँदा पनि सृष्टिकर्ता परमेश्वरले हामीलाई अझै पनि प्रेम गरिरहनुहुन्छ

## बाइबल पद स्मरण खेल

***जब हामीले सृष्टिकर्ता परमेश्वरको आज्ञा उल्लंघन गर्दा र अन्धकारमा हराउँदा पनि सृष्टिकर्ता परमेश्वरले हामीलाई अझै पनि प्रेम गर्नुहुन्छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***

**भजन १०३:४** *'परमेश्वरले (सृष्टिकर्ता परमेश्वर) चिहानबाट हाम्रो जीवन बचाँउनुहुन्छ अनि हामीलाई उहाँले प्रेम र दया गर्नुहुन्छ।'*

# पाठ ३



**गोलाकार शब्द चित्र:** नानीहरुलाई गोलाकारमा बस्न लगाउनुहोस्। नानीहरुलाई बाइबल पद स्मरण देखाउनुहोस्। शब्द-शब्द गरी यो पढ्नुहोस्। तिनीहरुले यो नसिकेसम्म नानीहरुलाई दोहोऱ्याउन लगाउनुहोस्। अब बाइबद पद स्मरण नानीहरुबाट लुकाउनुहोस्।

एउटा गोली लिनुहोस् अथवा कागज कुच्चाएर डल्लो पारी एउटा गोली बनाउनुहोस् र एउटा नानीकहाँ फ्याँक्नुहोस्।

नानीहरुले पढ्न सिकेकै छैनन् भने शब्दको सट्टा चित्र प्रयोग गर्नुहोस्।

त्यो नानीले गोली पक्रनुपर्छ र बाइबल पद स्मरणको प्रथम शब्द भन्नुपर्छ। त्यसपछि त्यो नानीले त्यो गोली तपाईतिर फ्याँक्छ। त्यसपछि तपाईंले त्यो गोली अर्को नानीतर्फ फ्याँक्नुपर्छ र त्यो नानीले गोली पक्रेर फेरि बाइबल पद स्मरणको अर्को शब्द भन्नुपर्छ। त्यसपछि त्यो नानीले त्यो गोली फेरि तपाईंतर्फ फ्याँक्नुपर्छ। त्यसपछि तपाईंले त्यो गोली अर्को नानी तर्फ फ्याँक्नु पर्छ र त्यो नानीले गोली पक्रेर फेरि बाइबल पद स्मरणको अर्को शब्द भन्नुपर्छ। भजनसंग्रह को पुस्तक १०३ अध्याय अनि पद ४ सहित बाइबल पद स्मरणका सबै शब्दहरु नभनिएसम्म यसलाई यसरी नै दोहोऱ्याई रहनुपर्छ।

## व्यवहारिक उपयोग

***हामीले सृष्टिकर्ता परमेश्वरको आज्ञा उल्लंघन गर्दा र अन्धकारमा हराउँदा पनि सृष्टिकर्ता परमेश्वरले हामीलाई प्रेम गरिरहनुहुन्छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनी जान्नुको अर्थ हो सृष्टिकर्ता परमेश्वरले हामीलाई छुटाउनुहुन्छ भनी हामीले भरोसा गर्नसक्नु।

**प्रार्थना:** सृष्टिकर्ता परमेश्वर, तपाईंले मलाई सधैं प्रेम गर्नुभएको कारण धन्यवाद। मैले तपाईं अथवा अरु मानिसहरु विरुद्ध केही भन्दा, सोंच्दा, अथवा गर्दा पनि तपाईंले मलाई प्रेम गर्नुहुन्छ। तपाईंलाई धन्यवाद किनकि तपाईंले मलाई बचाउनुहुनेछ। सृष्टिकर्ता परमेश्वर, तपाईं को हुनुहुन्छ, तपाईंले मलाई कति प्रेम गर्नुहुन्छ र तपाईंले मेरो निम्ति के गर्नुभएको छ भनी मलाई जान्न सहायता गर्नुहोस्। आमेन।

**पुरस्कार:** प्रत्येक नानीलाई *सुसमाचार कथा पुस्तक एकको* एक प्रति दिनुहोस्। सबै नानीहरुलाई तिनीहरुको *सुसमाचार कथा पुस्तक एकको* प्रति पढ्न सहयोग गर्नुहोस्।

जब हामीले सृष्टिकर्ता परमेश्वरको आज्ञा उल्लंघन् गर्दा र अन्धकाररमा हराउँदा पनि सृष्टिकर्ता परमेश्वरले हामीलाई अझै पनि प्रेम गरिरहनुहुन्छ